१२१९८/८३०

# राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ६३४/२०७२/०७३

निर्णय नं. ८३०

जिल्ला सप्तरी, हरिहरपुर ९ बस्ने हर्ष नारायण चौधरी...........................................१ पुनरावेदक

विरूद्ध

श्री कार्यालय प्रमुख, श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरी....................................१ विपक्षी
श्री सूचना अधिकारी, श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरी ....................................१

विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।

जिल्ला सप्तरी, हरिहरपुर ९ बस्ने हर्ष नारायण चौधरीले श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरी समक्ष तपसिल बमोजिमका सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।१।२ मा पुनरावेदन गरेको ।

सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(१) मा नेपाली नागरिकलाई सूचनाको हक हुने र सोही ऐनको दफा ३(२) मा प्रत्येक नेपाली नागरिकलाई सार्वजनिक निकायमा रहेको सूचनामा पहुँच हुनेछ भन्ने व्यवस्था गरेको छ । ऐनको दफा ३(३) ले केही सूचना प्रवाह गर्न रोक लगाएको छ । तर पुनरावेदकले माग गरेको सूचना सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ३(३) ले रोक लगाएको सूचना भित्र पर्ने देखिदैन ।

अतः पुनरावेदकले माग गरेको तपसिलको सूचना पुनरावेदकलाई ७ (सात) दिन भित्र उपलब्ध गराउनु भनी श्री जनता निम्न मा.वि., हरिहरपुर ८, सप्तरीका कार्यालय प्रमुख र सूचना अधिकारीसमेतको नाममा यो आदेश जारी गरिएको छ । पुनरावेदकको पुनरावेदनको छायाँप्रति साथै राखी पठाउनू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

तपसिल

१. त्यस श्रीं जनता निम्न माध्यामिक विद्यालयको आर्थिक वर्ष २०६८।६९, २०६९।०७०, २०७०।०७१ र २०७१।०७२ को आय/व्यय विवरण ।

२. त्यस श्री जनता निम्न माध्यमिक विद्यालयको आर्थिक वर्ष २०७०।७१ को प्रगति विवरण ।

(यशोदादेवी तिम्सिना)
सूचना आयुक्त

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल जेठ २ गते रोज १ शुभम् ।